# निजामती सेवा दिवस-२०७५

प्रदेश नं. ३ मा विविध कार्यक्रमका साथ निजामती सेवा दिवस २०७५ मनाईयो । प्रदेश नं.३ का प्रमुख सचिव श्री आनन्दराज ढकालको संयोजकत्वमा गठित मुल समारोह समितिको निर्णय अनुसार विभिन्न कार्यक्रमहरु आयोजना गरियो । भाद्र २० गते कार्यालय परिसरमा विशेष सरसफाई र फलफूल वृक्षारोपण गरियो । सोही अवसरमा २१ गते आयोजित वृहत् रक्तदान कार्यक्रममा ४८ जनाले रक्तदान गर्नु भयो । सोही दिन प्रमुख सचिव ११ र ट्रेड युनियन ११ बिच हुप्राचौरको खेल मैदानमा आयोजित मैत्रीपूर्ण फुटबल प्रतियोगितामा प्रमुख सचिव ११ विजयी रह्यो । "नतिजामूखी प्रशासन, समृद्धी र सुशासन" मूल नारा सहितको व्यानर २१ गते कार्यालय परिसरमा राखि २२ गते सोही व्यानरमा प्रभातफेरी कार्यक्रम गरियो । निजामती सेवा दिवसको दिन कार्यालयमा सेवा लिन आउने पहिलो सेवाग्राहीलाई सम्मान गरियो भने साँझ हरेक सरकारी कार्यालयमा दिपावली गरिएको थियो ।

२२ गते मूल समारोह मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय परिसरमा प्रमुख सचिवको अध्यक्षतामा आयोजना गरियो । उक्त कार्यक्रम प्रदेश सभाका माननिय सभामुख सानु कुमार श्रेष्ठको प्रमुख आतिथ्य तथा माननिय आर्थिक मामिला तथा योजना मन्त्री कैलाश ढुङ्गेलको विशेष आतिथ्यतामा भएको थियो । सो कार्यक्रममा प्रमुख अतिथि, विशेष अतिथि, प्रमुख सचिव, मकवानपुरका प्रमुख जिल्ला अधिकारी र निजामती कर्मचारीहरुको आधिकारिक ट्रेड युनियनका जिल्ला अध्यक्षले सम्बोधन गर्नु भएको थियो ।




"नतिजामुखी प्रशासन : समृद्धि र सुशासन"
निजामती सेवा दिवस, २०७५
मूल समारोह कार्यक्रम